# अर्थ सवाल
Artha Sawal Weekly
साप्ताहिक

वर्ष ८, अंक ११, २०८० असोज ११ गते बिहीबार (28 September 2023 Thursday) मूल्य रू. १०/-


## नेशनल लाईफको स्मार्ट मोबाईल एप





काठमाडौं । नेशनल लाईफ इन्स्योरेन्स कम्पनीले आफ्ना अभिकर्ता, ग्राहक एवं सर्वसाधारणहरुलाई सहज र सरल तरिकाले थप सेवा सुविधा उपलब्ध गराउने उदेश्यले स्मार्ट मोवाईल एपको सुरुवात गरेको छ । कम्पनीले काठमाडौंमा आयोजना गरेको एक विशेष कार्यक्रममा अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंहले

बाँकी पृष्ठ ७

## अर्थतन्त्रको वास्तविक चित्र लुकाउने परिपाटी

# नक्कली मयूर बनेर कहिलेसम्म टिक्ने ?




यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

काठमाडौं । आर्थिक वर्ष २०८०-०८१ को बजेटमा मुलुकको अर्थतन्त्र उकास्ने अनेक नीति-रणनीति बनेको र यसको पूर्ण कार्यान्वयन भए आर्थिक वृद्धिदर राम्रै हुने दाबी थियो । तर आर्थिक वर्ष सुरु भएको दोस्रो महिनाबाटै अर्थतन्त्रका सूचकहरु अति नकारात्मक देखिएका छन् । वैदेशिक रोजगारीबाट केही बढी रकम भित्रिनुलाई नै सरकारले उपलब्धि ठान्दै अर्थतन्त्र लयमा आउन लागेको बताउन थालेको छ तर स्थिति यति गम्भीर छ कि सुरुदेखि नै मासिक खर्च चलाउन आन्तरिक ऋण बजेटले तोकेभन्दा पहिले नै उठाउन सुरु गर्छ । गत सातामात्रै सरकारले १० अर्बको राष्ट्रऋण उठाएको छ ।

त्यस्तै मुलुकको आर्थिक वृद्धिदरमा सरकारले गर्ने दाबी र अन्तर्राष्ट्रिय वित्तीय निकायले गर्ने प्रक्षेपणमा कुनै मेल खाँदैन । गत बुधबारमात्रै एसियाली विकास बैंक (एडिबी) ले सन् २०२३ मा नेपालको आर्थिक एक दशमलव नौ प्रतिशत हुने जनाएको छ । हुन त इश्वी सम्वत् २०२३ अबको तीन महिनामा बदलिन्छ र नेपालमा चालू आर्थिक वर्षको दोस्रो त्रैमासिक सुरु हुन्छ । बैंकले सन् २०२३ निराशाजनक रहे पनि २०२४ मा भने

बाँकी पृष्ठ ७

## पूर्व राजा ज्ञानेन्द्रलाई देखेपछि सबै चकित



काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाह आइतबार भक्तपुर भएका थिए । उनी भक्तपुर पुग्दा सर्वसाधारणले देखाएको सहभागिता अचम्मकै थियो । दलहरुप्रति मानिसमा वितृष्णा पैदा भएका बेला पूर्वराजा ज्ञानेन्द्र जता गए पनि मानिसको निकै ठूलो भेला हुने गरेको छ । उनले त्यहाँ पुगेर राजनीतिक भाषण गरेर मानिसलाई आफ्नो पक्षमा पार्ने काम गरेनन् ।

मानिसहरु आफैं पूर्वराजालाई हेर्न त्यहाँ आएका थिए । उनी पछिल्लो समयमा जहाँजहाँ पुग्छन्, एक ठाउँभन्दा अर्को ठाउँमा मानिसको उपस्थिति बढी भएकाले उनी आशावादी छन् । उनले कसैलाई पनि

बाँकी पृष्ठ ७







## अर्थ सवाल साप्ताहिकका लागिः

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाईं (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुईंकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

कार्यालय :
काठमाडौ. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# बाँच्न पाउने मौलिक हकको हनन्

नेपालको संविधानले जनताको मौलिक अधिकारका रूपमा खाद्य सुरक्षालाई पनि लिपिबद्ध गरेको छ । खाद्य सुरक्षासँग जनताको बाँच्न पाउने अधिकार पनि सुनिश्चित गरिएको छ । यसैले संविधानमा सर्वसुलभ, पौष्टिक खाद्यान्न सहज रूपमा पाउनु जनताको नैसर्गिक अधिकार रहेको भनेर किटानी गरियो । तर, जनताको मौलिक हक कार्यान्वयनतर्फ सरकारले कुनै ध्यान दिएको छैन । जनताका मौलिक हक कार्यान्वयनको सवालमा संविधान जारी भएदेखि यता बनेका सबै सरकारहरू निस्क्रिय रहेका छन् । संविधानमा जनतालाई अधिकार दियौं भनेर अहिले पनि भाषण गर्न र दम्भ प्रदर्शन गर्न नछोड्नेहरूले संविधानको पन्नामा दिइएको अधिकार कति व्यवहारमा परिणत भयो भन्ने उत्तर दिन सक्दैनन् । अहिले नेपाली जनता खाद्य सुरक्षाको मौलिक हक कार्यान्वयनको व्यग्र प्रतिक्षामा छन् । बजारमा खाद्यान्नदेखि हरेक बस्तुको मूल्यवृद्धि अस्वाभाविक रूपमा भएको छ । दशैं-तिहारको मुखमा चिनीको हाहाकार भएको छ । चाडपर्वलक्षित ठगी र उपभोक्तामारा नीति चम्किने क्रममा छन् ।

सरकारले समयमै चिनी आयातको अनुमति नदिंदा व्यापारी मोटाउने काम भइरहेको छ । अहिले चिनी लुकाउने र महँगोमा बेच्ने धन्दा मौलाइरहेको छ । चिनी एउटा उदाहरण मात्रै हो । दाल, चामल, आलु, प्याजदेखि दैनिक उपभोग्य वस्तुहरूको मूल्य बढेको छ र यसले चाडबाड खुसीसँग मनाउने प्रतिक्षामा रहेका जनतालाई पिरोलेको छ । सरकारले चाहयो भनें कालोबजारी क्षणभरमै नियन्त्रण गर्न सक्छ । गोदाममा लुकाएर राखेका वस्तुहरू कब्जा गरेर बजारमा पठाउन सक्छ तर कालोबजारी गर्ने सामान्य किराना पसले नभएर ठूला र पहुँचवाला व्यापारी हुने भएकाले बजार अनुगमन र कारबाहीको नाटकमात्र चल्ने गरेको छ । गत सोमबार मात्रै चिनीको ठूलो गोदाममा वाणिज्य विभागले छापा मारेर ७० हजार किलो चिनी फेला पर्‍यो । सो गोदाम 'सिल' गरिएको समाचार बाहिरिएको छ तर यस्ता कति गोदाम छन् जहाँ, चिनी, चामल, दलहन लुकाएर महँगोमा बिक्री गर्ने गरिएको छ । यदि सरकार खाद्य सुरक्षाको प्रदान गरेको संविधानको कार्यान्वयनमा लाग्थ्यो भने व्यापारी मोटाउने, जनता सुक्दै जाने अवस्थाको अन्त्य हुन्थ्यो । जनतालाई राहत दिन सरकारले चाडपर्वमा मात्र होइन, सधैं सुपथ मूल्य पसल सञ्चालन गर्थ्यो र व्यापारीहरूलाई सरकारी दोकानसँग मूल्यमा प्रतिस्पर्धा गर्नुपर्ने नीतिगत व्यवस्था गर्थ्यो । तर समाजवाद उन्मुख अर्थतन्त्रको दुहाई दिएर सीमित पूँजीपतिवर्ग रिझाउनेहरूले देश र जनताका हितमा संविधानमा लेखिएको काला अक्षर मात्र भट्याउने भए ।

कालोबजारी, कृत्रिम अभाव र अनियन्त्रित मूल्यवृद्धि संविधानले जनतालाई दिएको खाद्य सुरक्षा अधिकारको हनन् हो । तर यस विषयमा सरकार त चुप छ नै सत्ता स्वार्थ र राजनीतिक सौदावाजीका लागि संविधान कार्यान्वयन र पालनाको दुहाई दिनेहरू चुँसम्म गर्दैनन् । संविधान केवल राजनीतिक दलका नेताहरूलाई सत्तामा पुर्‍याउन र झार्नका लागि बनेको एउटा यन्त्रमात्र सावित हुँदै गइरहेको छ । राजनीतिक लाभका लागि संविधान कार्यान्वयन र पालना भन्दै अनेक मुद्दा पर्छ तर जनताको खाद्यान्नको मौलिक अधिकार कार्यान्वयनमा कसैले किन कुनै मुद्दा हाल्दैन ? यसको उत्तर सबैका सामु छर्लङ्ग छ । जसले जनताको खाद्य सुरक्षाको मौलिक हक छिनेर आफ्नो वैभव खडा गर्छ उनीहरूको प्रभावले जनताको हितको पक्षमा कसैको बोली फुट्दैन ।

# नेपाल-चीन सम्झौतामा इन्डो पश्चिममा असर



डा. केशव देवकोटा

प्रधानमन्त्री पुष्पकमल दाहालको यसपटकको चीन भ्रमण उहाँ आफैंका कतिपय कुरामा लाभदायी र मनोरञ्जनपूर्ण भए पनि देश र जनताका लागि खासै लाभदायी र उत्साहजनक हुन सकेन । पहिलो त उहाँले चीन भ्रमणमा जानुअघि सन्धी र सम्झौताका लागि खासै तयारी गर्नुभएको थिएन । दोश्रो कुरा उहाँको चीन भ्रमणमा विवादास्पद अमेरिकी योजना एमसीसी र गत जेठमा भारतसँग गरिएको विद्युत् व्यापार सम्झौताले प्रत्यक्ष असर गरेको देखिएको छ । असोज ८ गते भएको १२ वटा सम्झौता र एक सहमति 'नयाँ बोतलमा पुरानो रक्सी' भनेजस्तो मात्र भएको छ किनकि सो सम्झौता र सहमतिमा उल्लेख भएका कुराहरु यसअघिकै सम्झौता र सहमतिमा उल्लेख भइसकेका थिए । जुन कुराहरु प्रधानमन्त्रीको तहमा फेरि नवीकरण गरिरहनुपर्ने आवश्यकता नै थिएन ।

चीनको राष्ट्रिय विकास तथा सुधार आयोग, र नेपालको राष्ट्रिय योजना आयोगबीच यस अघिदेखि नै सहकार्य हुँदै आएको थियो । नेपालको उत्तरी पहाडी क्षेत्रमा विभिन्न वस्तुको उत्पादन र वितरणसम्बन्धी कार्यहरु पनि यस अघिदेखि नै हुँदै आएका थिए । चीनको राष्ट्रिय विकास तथा सुधार आयोग र नेपालको अर्थ मन्त्रालयबीच डिजिटल अर्थतन्त्र बढाउने विषयमा सहकार्य हुने कुरा प्रधानमन्त्री तहमा सम्झौता हुनपर्ने विषय नै थिएन । हरित तथा न्यून कार्बन विकासका लागि यस अघिदेखि नै सहकार्य हुँदै आएको विषय थियो । कृषि, पशुपन्छी र माछापालनको विकासका लागि सहकार्य हुँदै आएको विषय हो । सन् १९८१ मा भएको चीन नेपाल व्यापार र भुक्तानी सम्झौताको समीक्षा र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्य समूह गठन गर्ने सहमति पनि कुनै नौलो विषय होइन । यस अघिदेखि नै औषधि उत्पादनका लागि नेपालबाट चीनमा वनस्पति निर्यात भइरहेकै कुरा हो । प्राचीन ग्रन्थ अनुवाद र प्रकाशन गर्ने कार्यहरु पनि हुँदै आएका थिए । विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा सहकार्य पनि भइरहेकै थियो । नेपालका विद्यार्थीहरुले चीनमा गएर विभिन्न विषयमा अध्ययन गर्ने क्रम अझै पनि जारी छ । विभिन्न दैवी तथा प्राकृतिक प्रकोपमा चीनले नेपाललाई सहयोग गर्दै आएको थियो । जसका बारेमा नयाँ सन्धी/सम्झौताको कुनै दरकार थिएन । हिल्सा-सिमकोट सडक परियोजनाका विषयमा पनि यसअघि नै पत्राचार भइरहेको विषय थियो । नेपालले यसअघि नै विभिन्न मिति र सन्दर्भमा विभिन्न महत्वपूर्ण सन्धी, सम्झौता र सहमति गरिसकेको थियो । असोज ८ गते चीनका प्रधानमन्त्रीसँग भएको भनिएका सहमति र सम्झौता र ९ गते प्रकाशित दुई देशको संयुक्त वक्तब्यमा कतिपय कुराहरु फरक परेका छन् । ९ गतेको वक्तव्यमा सन् २०१७ मा सम्झौता भएको बिआरआईलगायतका योजनाहरुको कार्यान्वयन गर्ने/गराउने जुन सहमति भयो भनिएको छ, त्यो प्रधानमन्त्री दाहालको चीन भ्रमणको राम्रो पक्ष हो । चिनियाँ बन्दरगाहरु नेपालले निर्वाध रुपमा प्रयोग गर्ने र चीनतर्फका नेपालका सबै ब्यापारिक नाकाहरु सुचारु गर्ने/गराउने कुरासमेत हुन सकेको देखिएन । चीन नेपाललाई आर्थिक सहयोग गर्न तयार रहँदै आएको छ तर नेपालले उसको सुरक्षा चुनौतीका बारेमा उठेका प्रश्नहरुको चित्तबुझ्दो जवाफ दिन सक्नुपर्ने भएको छ । दाहालको चीन भ्रमणका क्रममा त्यहाँका राष्ट्रपति र प्रधानमन्त्रीसँग भएका उहाँका भेटवार्ताहरुमा उपरोक्त कुराहरु झल्किएका देखिन्थे ।

नेपाल र चीनबीचको लिखित सम्झौता/समझदारीले चीनले नेपालको दाहाल नेतृत्वको सरकारलाई पूरै पत्याउन नसकेको हो कि भन्ने आशंका गर्ने ठाउँहरु रहेका छन् । पार्टीको नाम नेकपा माओवादी केन्द्र भए पनि भारत र अमेरिकासँग सहकार्यमा रहेका नेपालका प्रधानमन्त्री दाहालप्रति चीन सशंकित रहेको पनि यो भ्रमणका क्रममा स्पष्ट देखिएको थियो । प्रधानमन्त्री दाहालले चिनियाँ राष्ट्रपति सि जिन पिङलाई नेपाल यो वा त्यो नामका कुनै पनि सैन्य रणनीतिक परियोजनामा सामेल नहुने, नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध रहने, चीनले अघि सारेको बेल्ट एन्ड रोड अवधारणा (बीआरआई) कार्यान्वयनमा लैजाने, चीन यो क्षेत्रको नेतृत्वदायी राष्ट्रजस्ता शब्दले सम्बोधन गर्नुपरेको अवस्थाले पनि धेरै कुराहरु स्पष्ट भएका छन् । प्रधानमन्त्री दाहालले चिनियाँ कम्युनिष्ट पार्टीको मुखपत्र ग्लोबल टाइम्सलाई दिनुभएको अन्तवार्तालगायत केही भाषणमा बीआरआईका परियोजनाहरु अगाडि बढाउने विषयमा बोल्नु उहाँको बाध्यताजस्तो देखिएको छ किनकि उहाँले पछिल्लो समयमा आफू चीन र भारतलाई समदुरीमा राखेर ब्यवहार गर्न तयार रहेको समेत बताउनुभएको छ । नेपालका प्रधानमन्त्रीले चीनका राष्ट्रपतिसँग पटक,पटक भेटवार्ता गर्नुपरेको र ८ गतेको सहमति र सम्झौता तथा ९ गतेको संयुक्त वक्तव्यमा कतिपय कुरा फरक परेकाले दाहाल चिनियाँ दबावमा परेको सहजै बुझ्न सकिन्छ । यस्ता घटनाक्रमले चीनसँग कतिपय कुराहरुमा अझै पनि सहमति कायम हुन नसकेको देखाएको छ । प्रधानमन्त्री दाहाल र चीनका प्रधानमन्त्री ली छ्याङबीच भएको वार्ता त झन् निराशाजनक नै रहेको थियो । दाहाल चीनको भ्रमणमा जानुअघि उहाँहरु आफैंले घोषणा गरेका कतिपय परियोजनामा चीनले खासै चासो नदिनुले पनि धेरै कुरा स्पष्ट भएको छ । नेपाल र चीनद्वारा ९ गते जारी १३ बुँदे संयुक्त वक्तव्यमा दुवै पक्ष नेपालले हस्ताक्षर गरेको चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ्स अन्तर्गतका परियोजना अघि बढाउन सहमत भएको भनिएको छ । बताइएअनुसार नेपालको आवश्यकता अनुसार अरनिको राजमार्गको चौथो चरण मर्मत सम्भार गर्न चिनियाँ पक्ष सहमत भएको छ । रसुवागढी-स्याप्रुवेशी सडक पनि नेपाली पक्षले साइट क्लियर गरेपछि चीनले मर्मत गरिदिने भएको छ । दुवैपक्ष टोखा-छहरे सुरुङ मार्गको सम्भाव्यता अध्ययनलाई तीव्रता दिन सहमत भएका छन् । चक्रपथ विस्तारको दोश्रो चरणको काम पनि अघि बढाउने कुरा संयुक्त वक्तव्यमा उल्लेख छ । केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययनमा दुवैपक्षले सन्तुष्टि जनाउँदै नेपाल-चीन रेल वे सहकार्यका लागि जतिसक्दो चाँडो आठौं बैठक बस्न सहमत भएका छन् । नेपालका रेल वे कर्मचारीलाई तालिम दिन चीन तयार भएको छ । दुवै पक्षले ऊर्जा क्षेत्रमा विशेषगरी जलविद्युत्को क्षेत्रमा मिलेर काम गर्ने बताएका छन् ।

प्रधानमन्त्रीको भ्रमणअघि चीनले माओवादी केन्द्रका महासचिव देव गुरुङ (जो एमसीसी परियोजनाको आलोचक र नेपालले असंलग्न परराष्ट्र नीतिको पालना नगरेको बताउँदै आउनु भएको छ ) लाई बोलाएर छलफल गरेको थियो । दाहालको चीन भ्रमणको ठीक अगाडि एमालेका महासचिव शंकर पोखरेल नेतृत्वको टोलीलाई चीन बोलाइएको थियो भनें त्यसअघि नै चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का पोलिटब्युरो सदस्य युआन च्याचिनको टोलीले नेपालमा आएर विविध विषयमा विभिन्न व्यक्ति/व्यक्तित्वसँग परामर्श गरेको थियो । नेपालले गत जेठमै नेपालको जलश्रोतमा भारतीय एकाधिकार कायम गराएको थियो भने भारतले चिनियाँ लगानीका कुनै पनि आयोजनाबाट उत्पादित बिजुली नकिन्ने शर्तसहितको नेपालसँग विद्युत् व्यापार सम्झौता गरेको थियो । नेपालले चीनको सीमाका विद्युत् आयोजनाहरुसमेत भारतलाई जिम्मा लगाएको अवस्था छ जसले गर्दा प्रधानमन्त्री दाहालले छिमेकी चीनलाई विद्युत् ब्यापारमा विश्वास दिलाउन नसकेको अथवा विश्वास दिलाउने प्रयास नै नगरेको देखिएको छ । नेपालको संसदबाट २०७८ फागुन १५ मा एमसीसी परियोजना अनुमोदन भएको घोषणा गरिएपछि नेपाल कतै अमेरिकी रणनीतिमा जान लागेको त होइन भन्ने आशंकाहरु उब्जिएका थिए । छिमेकी चीनले त एमसीसीका बारेमा पटकपटक औपचारिक रुपमै असन्तुष्टि जनाएको थियो । त्यस्तो अवस्थामा दाहालले भदौ १३ गते एमसीसी कार्यान्वयनमा गएको घोषणालगत्तै चीन भ्रमणमा जाने कार्यक्रम तय गर्नुभएको थियो ।

नेपालका तत्कालीन प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा पूर्वाधार निर्माण र पारवहन सुविधा दिने सम्झौता गरेको चीनले यसपटक भनें त्यो तहको सन्धी सम्झौता गर्न चासो नै देखाएन । यसपटक चीनसँग भएका सहमति र सम्झौताका विषयहरु अति सामान्य रहेका छन् । जुन सहमति र सम्झौताहरु प्रधानमन्त्रीको नभई केवल कर्मचारीका स्तरबाटै हुन सक्ने थिए । खासमा दाहालको यो भ्रमण नेपाल र चीनका लागि द्विपक्षीय सम्बन्ध सुदृढ गर्ने र साझा चुनौतीहरुको सामना गर्न मिलेर काम गर्ने प्रतिबद्धता दोहोर्‍याउने अवसर थियो भने हुन्छ तर त्यसअनुसारको वार्ता नै भएन । चीन नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र लगानीको प्रमुख श्रोत मानिँदै आइएको थियो तर २०७८ असारमा तयार गरिएको गठबन्धनका सरकारहरु नेपालको शासन सत्तामा आएपछि चीनलाई नेपालप्रति नै निरुत्साहित गराउने कामहरु भए/भइरहेका छन् । चीनसँग नेपालको लामो सीमाना रहेको छ । त्यसैले पनि दुबै देशमा शान्ति र स्थायित्व कायम राख्न दुवैतिरबाट निरन्तर चासो दिइएको हुनुपर्छ तर नेपालमा घटित पछिल्ला गतिबिधि र यहाँ बढ्दै गएको भारत र अमेरिकाको हस्तक्षपले गर्दा चीन नेपालप्रति आशंकित हुन पुग्यो । जसको प्रत्यक्ष असर दुई देशको व्यापार पारवहनमा समेत परेको छ । दाहालको यस पटकको चीन भ्रमण धेरै निराशाजनक रहेको छ । नेपालले असंलग्न परराष्ट्र नीति र असल छिमेकी नीतिमा सन्तुलन कायम गर्न/गराउन नसकेकै कारण यो अवस्था आएको हो । सात समुन्द्रपारिको अमेरिकासँगको घनिष्ट उठबस र बिवादास्पद एमसीसी परियोजनाले मात्र नेपालको विकास अगाडि बढ्न सक्दैन । वर्तमान सरकारको परराष्ट्र नीतिमा देखिएको यो ठूलो असफलता हो । यसलाई सुधार गर्नका लागि २०७९ मंसिर ४ गतेको निर्वाचनमार्फत नेपाली जनताले दिएको जनादेशअनुसार नेपालको सरकार गठन हुनु आवश्यक देखिएको छ ।

# राजनीतिक अस्थिरताले निम्त्यायो आर्थिक संकट



गोविन्द अधिकारी

काठमाडौं । देशको आर्थिक अवस्थाले अधोगति पछ्याउँदैछ यदी त्यो होइन भनें दोस्रो त्रैमासिकलाई छुट्याइएको सार्वजनिक ऋण पहिलो त्रैमासिकको अन्तिम क्षणमा नै राष्ट्र बैंकले नउठाउनुपर्ने हो ? चार्वाकको ऋण घृत्वा पिवेत भन्ने नीति नेपालले यतिबेला लिएको पाइन्छ । वर्तमानको खाँचो टर्‍यो भने भविष्यमा जेसुकै होस् भन्ने सोच तानाशाहीहरुमा रहेको पाईन्छ । यस्तै नीति लिने हो भनें टाट पल्टिएको विराशत भावी पुस्ताको थाप्लोमा पर्ने पनि निश्चित छ । निश्चय नै आज पनि चल्नैपर्छ तर भोलिको सोच नै नराखी आजसम्म मात्र चल्नु राम्रो होइन । दरिद्र मानसिकताले भविष्य नसोच्ने रहेछ । अवस्था नियाल्दा त देश साँच्चै नै असफल राष्ट्र भइसकेको छ । राजनीतिक, आर्थिक, धार्मिक र सामाजिक सबै क्षेत्रको अवस्था चिन्ताजनक नै देखिन्छ । नेपाललाई जलस्रोतको धनी देश भनिन्छ, विगत दुई महिनामा मात्र साढे पाँच अर्बको विद्युत् निर्यात भएछ । तर यही अवधिमा पेट्रोलियम पदार्थ भनें ३३ अर्बको आयत भएछ । यो वर्षभरिमा १५ अर्बको विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको छ भनें लगभग तीन खर्बको पेट्रोलियम पदार्थ आयात हुने अनुमान गरिएको छ । यसको मतलब आम्दानीभन्दा खर्च बढी हुने नै भयो । यस्तै रबैयाले समृद्ध नेपाल सुखी नेपालीको नारा कसरी सार्थक होला ? नारा लगाएर पुग्ने, काम गर्नु नपर्ने राजनीतिक नेतृत्व र नेतृत्वले जे भने पनि भेडाको बथानजस्तो पछिपछि लागेर ताली पिट्ने जनता भएपछि अधोगति पछ्याउने नै भयो ।

नेपाल आयल निगमको ऋण ७ अर्ब रहेछ । आएको नाफा रकमबाट आयल निगम ऋण तिर्दैछ भनिएको छ । अझै पनि ४ अर्ब ९० करोड ऋण तिर्न बाँकी नै रहेछ । निश्चय नै क्रमशः पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्न थालेपछि नाफा त हुने नै भयो यसको मतलब नेपाल आयल निगमले घाटा खाएर जनतालाई सस्तो मूल्यमा पेट्रोलियम पदार्थ दिनुपर्छ भन्न खोजिएको त होइन । तर पटक पटकको मूल्यवृद्धिले जनताको ढाड भनें नराम्ररी सेकिएको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले हर कुराको मूल्यवृद्धि भएपछि जनताको ढाड सेकिने नै भयो ।

दशैंजस्तो, तिहार तथा छठपर्वको पूर्वसन्ध्यामा देशमा चिनीको हाहाकार भएको छ । चिनीको अभावमात्र होइन अस्वभाविक रुपमा मूल्यवृद्धि पनि भएको छ । उपभोक्तमा आर्थिक भार बढ्दो छ भनें कालोबजारियाहरुले कमाउने मौका पाएका छन् । भुक्तभोगीहरु भन्दैछन् 'भएकै चिनी पनि लुकाएर अभाव सिर्जना गर्दै कालोबजारियाहरुले तोकिएको मूल्यभन्दा बढी मूल्यमा चिनी बेचिरहेका छन् ।' नियन्त्रण गर्ने सरकारी निकायहरु मौन बसिदिएपछि कालोबजारिया चम्किने नै भए । चिनीको अभाव बढ्यो भनेर उद्योगीहरु भनें उद्योगमन्त्री गुहार्दैछन् । गुहार्दैमा मन्त्रीले सुन्लान् भन्ने पनि छैन ।

अरुण तेस्रो जलविद्युत् आयोजनामा मुआब्जा विवाद चर्किंदै गएपछि निर्माण कम्पनीले क्षतिपूर्ति माग्दै पत्र लेख्नथालेको छ । पत्र लेख्नुको लक्ष्य अवरोध नियन्त्रण गर्न नसके कम्पनीले करोडौंको क्षतिपूर्ति व्यहोर्नुपर्ने हुनाले सरकारले दिनुपर्छ भन्ने रहेछ । हुन त त्यस्ता विवाद समाधान गर्ने दायित्व सरकारको हो तर एकातिर सरकार 'सरकारजस्तो' बन्न सकेको छैन अर्कोतिर सरकारमा बस्नेहरुको ईच्छाशक्ति देश र जनताको समस्या समाधान गर्ने तर्फभन्दा पनि कसरी हुन्छ पैसा कमाउने भन्नेतिर नै बढी ध्यान छ । आफैं गठबन्धनभित्र किचलो गरिरहेको अवस्थामा अरुण तेस्रोमा उत्पन्न किचलो नियन्त्रण गर्नेतर्फ सरकारको ध्यान जान पनि सक्दैन । यस्तो चिन्ताका बीचमा सुखद् समाचार भनेको के आयो भनें आलुको उत्पादन बढेछ । उत्पादन बढेपछि मूल्य घट्नुपर्ने हो तर बजारमा आलुको मूल्य भने खासै घटेको छैन । मूल्य नघट्दा आर्थिकभार वहन गर्ने त जनता नै हुन् । त्यो पनि म्याग्दीमा बढेको आलुको उत्पादनले देशभरको आर्थिक समस्यालाई टेवा दिने सम्भावना पनि हुँदैन । देशभर हर खाद्यान्न बालिको उत्पादन बढेको भए पो सुखद् प्रसंग हुने थियो ।

भर्खरै शिक्षक आन्दोलन रोक्न सरकारले सम्झौता र सहमति गर्‍यो तर राहत शिक्षकहरुको माग पूरा नभएको हुनाले शिक्षक महासंघमा विभाजन आयो । एकथरि शिक्षकहरु सडक संघर्षमा नै रहे । माग पूरा गर्ने सहमति र सम्झौता भएपछि सरकारकी प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले अर्बौं जुटाउनुपर्ने भन्ने अभिव्यक्ति दिईन् । आर्थिक तरलताका बीच त्यत्रो रकम जुटाउन पनि समस्या हुन सक्छ त्यसैले सरकार त नभनौं देशको अवस्था 'झिकिने गाँडभन्दा पनि थपिने गाँड' भएको छ । खर्च बढ्दो छ, आयस्तर घट्दो छ । 'उल्फाको धन फुपूको श्राद्ध' गर्न थालेपछि अवस्था सुध्रिने कुरै भएन ।

मुलुक यस्तो दुरावस्थामा छ । प्रधानमन्त्री पुष्पकमल दाहाल उर्फ प्रचण्ड भिक्षा दानका लागि विदेश भ्रमणमा छन् । भिक्षा दान त गरे तर भिख पाउँछन् कि पाउँदैनन् थाहा छैन । उनले चीनमा उद्योगधन्दामा लगानी गर्ने भिक्षादानको याचना गरे । 'अघाएको भन्छ डाँडापारि खाउँ भोको भन्छ डाँडावारि खाउँ ।' पहिलो कुरा त माग्दैमा भिक्षा पाईन्छ भन्ने पनि छैन । भिक्षा पाइहाले पनि यतिबेला भोक लागेको छ भोलि पर्सि पाएर के गर्ने । वीरवलको खिचडी र प्रधानमन्त्री दाहालको भिक्षा उस्तैउस्तै हुने भयो । मागेको त हो भनेर चित्त बुझाउनुपर्ने हुन सक्छ ।

मुलुकको यस्तो दुर्दशाको मूल कारण राजनीतिक अस्थिरता नै हो । पार्टीमा आन्तरिक कलह छ । गठबन्धनम मतभेद छ । सरकार बदल्ने कसरत सुरु भइसकेको छ । यस्तो अवस्थामा राजनीतिक स्थायित्व हुने सम्भावना नै छैन । झन् आमूल परिवर्तनका लागि शुरु भएको सडक संघर्ष र विरोध प्रदर्शन बाक्लिँदै गयो भनें त राजनीतिक स्थिरता कायम हुने सम्भावना नै रहेन त्यसैले स्थिरताको नारा लगाएर बस्नेबाहेक नेपाल र नेपालीसँग अर्को विकल्प छैन ।

# ऋण तिर्दै आयल निगम




अर्थ सवाल साप्ताहिक डेस्क

काठमाडौं । नेपाल आयल निगमले हालसम्म कमाएको नाफा रकमलाई सरकारी ऋण तिर्न प्रयोग गरिरहेको जनाएको छ । नाफाको रकमलाई निरन्तर ऋण तिर्न प्रयोग गरेका कारण करिब एक वर्षअघि लिएको सात अर्ब सरकारी ऋण अहिले दुई अर्ब १० करोडमा झरेको निगमका नायब कार्यकारी निर्देशक नागेन्द्र साहले अर्थ सवाल साप्ताहिकलाई जानकारी दिए । बाँकी ऋण रकमसमेत पुसभित्रै तिरिसक्ने लक्ष्य रहेको उनको भनाइ छ ।

दुई वर्षअघि आव ०७८/७९ मा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उच्च भएको समयमा सोही दरमा नेपाली बजारमा मूल्य समायोजन नहुँदा निगम ४८ अर्ब ९५ करोड रुपैयाँ नोक्सानीमा थियो । त्यतिवेला सञ्चित कोषमा रहेको १५ अर्बभन्दा बढी रकम नोक्सानी भर्पाईका लागि प्रयोग गरिएको थियो । त्यस्तै, तीन अर्ब राष्ट्रिय वाणिज्य बैंकबाट र सात अर्ब सरकारबाट ऋण लिइएको थियो भने करिब २४ अर्ब इन्डियन आयल कर्पोरेसन (आइओसी)सँग बक्यौता राखिएको थियो ।

गत आव ०७९/८० मा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ घटेपछि भने निगमले अघिल्लो आवको बक्यौता र ऋण तिर्न भन्दै चर्को नाफा राखेको थियो । जसकारण गत आव ०७९/८० मा निगमले १८ अर्बभन्दा बढी नाफा राखेर आइओसीको बक्यौता मात्रै होइन, राष्ट्रिय वाणिज्य बैंकको तीन अर्ब ऋण र ब्याजसमेत भुक्तानी गरिसकेको छ । आइओसीको बक्यौता र ऋण तिरेपछि निगमले अहिले सरकारी ऋण भुक्तानीलाई प्राथमिकतामा राखेको छ । नायब कार्यकारी निर्देशक साहले हालसम्म तीन किस्ता गरेर सरकारलाई चार अर्ब ९० करोड भुक्तानी भइसकेको बताए ।


३१ असारदेखि निगमलाई नाफा सुनिश्चित गरेर पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू गरिएको छ । जसकारण आगामी दिनमा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ जति बढे पनि निगमले पेट्रोलमा २ रुपैयाँ र डिजेलमा २.५ रुपैयाँ नाफा राखेर मूल्य निर्धारण गर्ने हुँदा निरन्तर नाफा आर्जन गर्नेछ । यसअघि सधैं घाटा व्यहोर्दै आएको एलपी ग्यास भने लागत मूल्यमा बिक्री हुन थालेको छ ।

**नयाँ भण्डारणगृह बन्दै**

आयल निगमको मधेश प्रादेशिक कार्यालय, अमलेखगन्ज (बारा)मा एक करोड ८७ लाख लिटर पेट्रोल र डिजेल अटाउने नयाँ भण्डारणगृह निर्माण भइरहेको छ । निगमको मधेश प्रादेशिक कार्यालय प्रमुख विनीतमणि उपाध्यायका अनुसार हालसम्म ४० प्रतिशत काम सम्पन्न भइसकेको छ । 'आगामी चैतभित्र निर्माण सम्पन्न भई भण्डारण ट्यांकहरूमा सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ,' उनले भने । मोतीहारीदेखि बिछ्याइएको पाइपलाइनबाट ढुवानी हुने पेट्रोलका लागि नयाँ भण्डारणगृह तयार गरिएको हो ।

# सरकारले सुपथ मूल्यमा पसल सञ्चालन गर्ने

काठमाडौं । चामल, दाल, गहुँ, आँटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भटमासको तेल र चिउरामा बजार मूल्यभन्दा प्रतिकिलो सात रुपैयाँसम्म सस्तोमा बिक्री हुनेछ । हरेक वर्षजस्तै सरकारले चाडपर्वकेन्द्रित सहुलियत (सुपथ) मूल्य पसल यो वर्ष २१ असोजबाट सञ्चालन गर्ने भएको छ । उपभोक्तालाई राहत दिन, आपूर्ति व्यवस्थापन सहज बनाउन र बजारमा हुन सक्ने मूल्यवृद्धि रोक्न सरकारी स्वामित्वका संस्थानहरूमार्फत सुपथ मूल्य पसल ३ मंसिरसम्म सञ्चालन हुने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।



दसैं, तिहार तथा छठजस्ता चाडबाडका समयमा उपभोक्ता बजारमा निजी क्षेत्रको एकाधिकार हुन नदिन भन्दै सरकारले हरेक वर्ष सहुलियत मूल्य पसल सञ्चालन गर्दै आएको छ । आपूर्ति मन्त्रालयमातहतका खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन तथा कृषि तथा पशुपक्षी विकास मन्त्रालयमातहतको दुग्ध विकास संस्थानको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालन हुँदै आएको छ ।

सहुलियत मूल्य पसलमा सबै किसिमका चामल, दाल, गहुँ, आँटा, पिठो, मैदा, तोरीको तेल, सनफ्लावर तेल, भटमासको तेल र चिउरामा बजार मूल्यभन्दा प्रतिकिलो सात रुपैयाँसम्म सस्तोमा बिक्री हुनेछ । त्यस्तै, कर्णालीको सिमी तथा गेडागुडीहरू, फापरको दाना, चिनो, कागुनो र उवा, जिउँदो खसी, बोका तथा च्यांग्रा प्रतिकिलो १० रुपैयाँ छुट दिइएको छ । सहुलियत मूल्य पसल सञ्चालनका लागि सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाई दुई करोड ३२ लाख २० हजार बजेट छुट्याएको छ ।

त्यस्तै, साल्ट ट्रेडिङमार्फत बिक्री हुने सामानमा सहुलियत दिन सरकारले एक करोड छुट्याएको छ । साल्ट ट्रेडिङ कर्पोरेसनले चिनी प्रतिकिलो ९७ मा बेच्नेछ भने बजार मूल्यको तुलनामा नुनमा प्रतिकिलो दुई र तेल तथा चिउरामा प्रतिकिलो सात रुपैयाँ छुट दिनेछ । त्यस्तै, दुग्ध विकास संस्थानले घिउमा प्रतिकिलो २०, पनिर प्रति दुई सय ग्राममा २० र प्रति पाँच सय ग्राममा ५० रुपैयाँ छुट दिनेछ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङको काठमाडौं उपत्यकामा रहेका आठ बिक्री केन्द्र र तीन घुम्ती पसलसमेत गरी जम्मा ३५ स्थानमा बिक्रीस्थल रहने जनाइएको छ । त्यसबाहेक मोरङ, झापा, ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दिक्तेल, भोजपुर, ओखलढुंगा, खोटाङ, सिराहा, जनकपुर, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, तनहुँ, गोरखा, मनाङ, मुस्ताङ, रुपन्देही, बाँके, दाङ, बर्दिया, रुकुम-पूर्व र रुकुम-पश्चिममा खाद्य व्यवस्था कम्पनीले सहुलियत पसल सञ्चालन गर्नेछ । त्यस्तै रोल्पा, सुर्खेत, गुल्मी, दैलेख, डोल्पा, कालीकोट, हुम्ला, जाजरकोट, जुम्ला, मुगु, कैलाली, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला, महेन्द्रनगर गरी ४२ जिल्लाका ४८ स्थानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका सहुलियतपूर्ण पसल रहनेछन् ।

यस्ता पसलहरू आवश्यकताअनुसार थप जिल्ला र स्थानहरूमा पनि सञ्चालन गर्न सकिने मन्त्रालयले जनाएको छ । निःशुल्क अनलाइन होम डेलिभरी, घुम्ती सेवा, सहकारी र डिलरहरूका माध्यमबाट तोकिएबमोजिमको छुट पाउन सकिनेछ ।

# घटस्थापनादेखि नयाँ नोट वितरण गर्ने



काठमाडौं । नेपाल राष्ट्र बैंकले २८ असोज घटस्थापनादेखि बजारमा नयाँ नोट पठाउने तयारी गरेको छ । केन्द्रीय बैंकका मुद्रा व्यवस्थापन विभागका प्रमुख नरेश शाक्यका अनुसार नोट वितरणका लागि आन्तरिक गृहकार्य भइरहेको र घटस्थापनादेखि आरम्भ गर्ने अर्थ सवाल साप्ताहिकलाई जानकारी दिए । उनले केन्द्रीय बैंकका विभिन्न कार्यालय र बैंक तथा वित्तीय संस्थाहरूबाट आएको मागअनुसार कति नोट वितरण गर्ने तय हुने बताए ।

विगतमा जस्तै प्रतिव्यक्ति १८ हजार पाँच सय रुपैयाँका दरले नोट वितरण गरिने उनले बताए । यसपालि केन्द्रीय बैंकले कार्यालयहरूमा क्युआर कोडको समेत व्यवस्था गर्ने बताए । क्युआर कोडको प्रयोगले नोट वितरणलाई सहजता दिने उनले बताए । राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष ०७९/८० मा ६ खर्ब ४० अर्ब आठ करोड रुपैयाँबराबरमा नोट चलनचल्तीमा छ । त्यस्तै, दुई खर्ब १६ अर्ब ५४ करोड ९२ लाख ४९ हजार रुपैयाँको नोट केन्द्रीय बैंकसँग मौज्दातमा छ । चाडबाडमा १० अर्बभन्दा बढी रकम व्यक्तिको हातमा पुग्ने अनुमान छ । पछिल्लो समय डिजिटल कारोबारको बढ्दो प्रयोगले नोटको वितरणमा कमी आउँदै जानेसमेत केन्द्रीय बैंकको बुझाइ छ ।

# गोकर्णेश्वर इसाई समाजको पाँचौं वार्षिक साधारणसभा सम्पन्न




काठमाडौं । गोकर्णेश्वर इसाई समाजको पाँचौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । गत ६ गते काठमाडौंको गोकर्णेश्वरको अतरखेल फेमेली किचेनमा साधारणसभा भएको हो । समाजका अध्यक्ष पूर्ण तामाङको सभापतित्वमा सम्पन्न कार्यक्रममा समाजका पदाधिकारी सदस्य तथा आबद्ध मण्डलीका धार्मिक गुरुका साथै बुद्धिजीविहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा पास्टरहरुले धारणा राखेका थिए । उनीहरुले कसैको पनि धार्मिक आस्थालाई खल्बल्याउने काम कसैले पनि गर्न नहुनेमा जोड दिएका थिए । उनीहरुले देश सबै जातजाति र भाषाभाषीको भएकाले सबैको विचार र भावनालाई समेट्नुपर्ने बताएका थिए । कार्यक्रममा सहभागीहरुले सरकारले सबै धर्मलाई समान ढंगले हेर्नुपर्नेमा जोड दिए । समाजका अध्यक्ष तामाङले प्रार्थना गर्दै कार्यक्रमको समापन गरेका थिए ।

शिवपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शेरावगर, नुवाकोट, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेबी, रामेछाप, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट वञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।


## मुक्तिनाथ सेयरधनी बचत खातामा थप सुविधा



काठमाडौं । मुक्तिनाथ विकास बैंकले सेवाग्राहीलाई सुविधा दिन र सेयर लगानी गर्न चाहने ग्राहकलाई सबै सेवाहरु एकै स्थानबाट उपलब्ध गराउन मुक्तिनाथ क्यापिटल र सेयर ब्रोकर कम्पनीबीच त्रिपक्षीय व्यवसायिक सम्झौता गरेको छ । यो सम्झौता बमोजिमको सुविधा 'मुक्तिनाथ सेयरधनी बचत खाता' खोल्ने ग्राहकले पाउनेछन् ।

उक्त सम्झौताबमोजिम बैंकका ग्राहकले बैंकको कुनै पनि शाखाबाट तीन वटा कम्पनीहरुले दिने विभिन्न सेवा सुविधा पाउन सक्ने बैंकले जनाएको छ । नयाँ व्यवस्था अनुसार 'मुक्तिनाथ सेयरधनी बचत खाता' न्यूनतम मौजदात १ सय रुपैयाँमा खोल्न सकिने, नि:शुल्क कनेक्ट आइपिएस रजिष्ट्रेशन, नि:शुल्क मोबाइल बैंकिंग र इन्टरनेट बैंकिङ, मुक्तिनाथ क्यापिटलबाट नि:शुल्क डिम्याट खाता, मेरो सेयर रजिष्ट्रेशन र पोर्टफोलियो व्यवस्थापन सेवामा ५० प्रतिशतसम्म छुट तथा ब्रोकर कम्पनीबाट नि:शुल्क ब्रोकर खाताको सुविधा पाउने उल्लेख छ ।

## हिमालयन बैंकका ग्राहकलाई विशेष छुट



काठमाडौं । हिमालयन बैंकले आफ्नो ग्राहक माझ विभिन्न सेवा अभिवृद्धि गर्ने उद्देश्यले सबै ग्राहकहरूलाई काठमाडौं, पोखरा, चितवनका लगायतका देशका विभिन्न १६० भन्दा बढी स्थानमा विशेष छुटको व्यवस्था गरेको छ । बैंकका ग्राहकले देशका विभिन्न स्थानमा रहेका प्रसिद्ध होटल, रेष्टुराँ, अस्पताल, ल्याव, डायगोनोस्टिक सेन्टर, गहना गृह, कपडा, चश्मा, घडी पसल, मोबाइल, ल्यापटप तथा सम्बन्धित समाग्री, खेलकुद समाग्री, फर्निचर, विद्युतीय दुई पांग्रे सवारी, कस्मेटिक, बुटिक, सलुन, ट्राभल एण्ड ट्रेक, एडभेन्चर टुरिजम, लगायत अन्य स्थानहरुमा वस्तु खरिद तथा सेवा शुल्कमा भारी छुट पाउन सक्नेछन् ।

बैंकले सम्बन्धित व्यवसायीसँगको सहकार्यमा आफ्ना ग्राहकहरूको सुविधालाई मध्यनजर राख्दै अधिकतम २० प्रतिशतसम्म छुटको व्यवस्था गरेको छ । छुट सुविधा प्राप्त गर्न ग्राहकले विल लिनुभन्दा पहिला नै आफू हिमालयन बैंकका ग्राहक भएको कुनै पनि परिचय प्रस्तुत गरेमा उक्त स्थानहरूबाट निर्धारित छुट पाउनेछन् । हाल यो योजना १६० भन्दा बढी व्यवसायिक संस्थाहरूमा लागु भएको तथा निकट भविष्यमा बैंकले यस योजना देशभरी २०० वटा थप व्यवसायीमा विस्तार गरी आफ्ना ग्राहकहरूलाई छुट सुविधा प्रदान गर्ने लक्ष्य लिएको छ ।

## नेपाल बैंकमा अत्याधुनिक कल सेन्टर

काठमाडौं । नेपाल बैंकले आफ्नो ग्राहक सेवा थप प्रभावकारी तथा उत्कृष्ट बनाउने उद्देश्यले अत्याधुनिक कल सेन्टर सेवा सुरु गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णबहादुर अधिकारी र सेवा प्रदायक संस्था कलश सर्भिसेसका प्रमुख कार्यकारी अधिकृत रुपेशभक्त श्रेष्ठले संयुक्त रुपमा कल सेन्टरको उद्घाटन गरेका हुन् । बैंकको प्रमुख कार्यकारी अधिकृत अधिकारीले कल सेन्टरले बैंक र ग्राहकबीचको सेवालाई अझ उत्कृष्ट र सरल बनाउँदै ग्राहकसँगको सम्बन्धलाई समयसापेक्ष, अद्यावधिक र सुमधुर बनाउन विशेष भूमिका खेल्ने बताए ।

यसैगरी कलश सर्भिसेसका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले गौरवपूर्ण इतिहास बोकेको नेपालको पहिलो बैंकमा ग्राहकसँग जोडिएर काम गर्न पाएकोमा खुशी व्यक्त गर्दै नेपाल बैंकको ग्राहक सेवाको उत्कृष्टताको लागि कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता जनाए ।



बैंकको कल सेन्टरले ग्राहकका समस्या, जिज्ञासा र कठिनाईलाई तत्काल सम्बोधन गरी समाधान गर्ने तथा वित्तीय सेवासँग सम्बन्धित समसामयिक जानकारी प्रदान गर्दै उत्कृष्ट ग्राहक सेवामा कोशेढुंगा साबित हुने विश्वास लिएको बैंकले जनाएको छ ।

## समृद्धि फाइनान्सको बुटवल शाखा स्थानान्तरण



काठमाडौं । समृद्धि फाइनान्स कम्पनी लिमिटेडको बुटवल उप महानगरपालिका-५ नेपालगञ्जरोडमा आफ्नो कारोबार गर्दै आएको शाखा कार्यालय स्थानान्तरण भएको छ । बुटवल उप महानगरपालिका-६ अमरपथमा स्थानान्तरण भई सञ्चालनमा आएको शाखा कार्यालयको प्रमुख कार्यकारी अधिकृत टिकानिधि लोहनीले उद्घाटन गरेका छन् ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतले संस्थाको परिचयका साथै संस्थाले उपलब्ध गराउने सेवा सुविधा र शाखा कार्यालय स्थानान्तरणको आवश्यकता र महत्वको विषयमा जानकारी दिए ।

शाखा सञ्जाल १३ वटा रहेको फाइनान्सले अर्को आगामी दिनमा थप केही शाखा विस्तार गर्ने जनाएको छ । फाइनान्सको नि:शुल्क मोबाइल बैंकिङ, डेबिट कार्ड, एसएमएस अलर्ट, रेमिटेन्स, आइपीएस, कनेक्ट आइपीएस, क्लियरिङलगायतका सेवा सञ्चालनमा रहेको छ ।

## एनसेलद्वारा मैत्रीपूर्ण फुटबल खेल आयोजना




काठमाडौं । एनसेल आजियाटा लिमिटेडले 'पर्पल किकअफ' मैत्रीपूर्ण फुटबल खेल आयोजना गरेको छ । १८औं वार्षिकोत्सवको अवसरमा आयोजना भएको प्रतियोगिताअन्तर्गत शनिबार र आइतबार चार खेल भएका थिए । एनसेल आफ्नो नयाँ यात्रा सुरु गर्दै गर्दा कम्पनीको ब्राण्ड वाचा 'आज, भोलि, सधैं सँगै' अन्तर्गत रहि वार्षिकोत्सवको थिम 'हामी तपाईंकै लागि' अनुरुप सेभेन ए साइड फुटबल मैदानमा यी खेल आयोजना गरिएका हुन् । पर्पल किकअफमा चर्चित नेपाली कलाकार, भेटरान फुटबल खेलाडी, युवा उद्यमी, खेलकुद पत्रकार र स्थानीय युवा क्लबका खेलाडीको सहभागिता थियो ।

पहिलो मैत्रीपूर्ण फुटवल खेल एनसेल टिम ए र नेपाली युवा उद्यमी मञ्चबीच भएको थियो । एनसेल टिमको तर्फबाट एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभ पनि खेलेका थिए । यो खेलमा एनसेलले १-० को अन्तरले हित हासिल गरेको थियो । एनसेलको तर्फबाट कप्तान प्रज्वल प्रजापतिले गोल गरेका थिए । त्यसैगरी अर्को खेल भेटरान फुटबल खेलाडी अनिल गुरुङ र विराज महर्जनको टिमबीच भएको थियो । दुवै टिममा विभिन्न चर्चित नेपाली कलाकार पनि सहभागी थिए ।

## सांग्रिला बैंक र सेल्सबेरीबीच छुट सम्झौता



काठमाडौं । सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र सेलवेज क्यास एण्ड क्यारी प्रालि (सेल्सबेरी)बीच बैंकका ग्राहक, कर्मचारी तथा सेयरधनीलाई विभिन्न किसिमका सामान खरिद गर्दा छुट प्रदान गर्ने सम्झौता भएको छ । सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठ र सेलवेज क्यास एण्ड क्यारी प्रालि (सेल्सबेरी) को तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुशील मान प्रधानांगले हस्ताक्षर गरेका हुन् ।

## लहानमा रावा बैंकको नवनिर्मित भवनको उद्घाटन



काठमाडौं । राष्ट्रिय वाणिज्य (रावा) बैंकको सिरहाको लहान -६ गणेश चोकस्थित नवनिर्मित भवनको उद्घाटन गरिएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले एक समरोहकाबीच शिलापत्र अनावरण गरी उद्घाटन गरेका हुन् । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि एवं मुख्यमन्त्री सरोजकुमार यादवले कृषि तथा अन्य क्षेत्रको उत्पादन बढाउन प्रदेश सरकारले रा.वा.बैंकसँग सहकार्य गर्ने बताउँदै बैंकमार्फत किसानलाई अनुदान दिन तयार रहेको बताए ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले अहिले रा.वा.बैंकको कर्जाको ब्याजदर सबैभन्दा कम रहेको बताउँदै व्यवसायीलाई बैंकसँग व्यवसायीक कारोबार गर्न आग्रह गरे । उनले विपन्नवर्गको सशक्तिकरणका लागि विना धिता कर्जा दिने, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने बताए । उनले बैंकले प्रदान गर्ने आधुनिक डिजिटल बैंकिङ सेवाका लागि सबै किसिमले उपयुक्त हुने गरी शाखाको आफ्नै भवन निर्माण गरिएको पनि बताए ।


सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामटार, सिन्धुली, बागमती प्रदेश

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।



वैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दोलखा, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।



मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली, मकवानपुर, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य बिमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

## आइएमईमार्फत सुरक्षा कोषको रकम जम्मा गर्न सकिने




काठमाडौं । आइएमईले विदेशमा रहेका दाजु भाइ तथा दिदी बहिनीले आफ्नो सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम जम्मा गर्न मिल्ने सेवा सुरु गरेको छ। विदेशमा रहेमन नेपालीले अव विदेशस्थित आइएमई रेमिटेन्स पार्टनरमार्फत सजिलै यो सुविधा लिन सक्नेछन् । यो सेवा सुरु गर्दै कोषलाई रेमिटेन्स प्लेटफर्ममा एकीकृत गर्न आइएमई पहिलो रेमिटेन्स कम्पनी बनेको छ ।

आइएमईका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले आइएमईले यो सुविधामार्फत विदेशमा रहेका नेपालीको भरोसालाई कायम राख्न थप सेवा प्रदान गरिएको बताएका छन् । कोषले अघि बढाएको वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा योजनाको प्रवर्दनका लागि समेत आइएमईको सेवाले सहयोग पुग्ने प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख गरेका छन् ।

यसअघि कोषले वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका नागरिकले सामाजिक सुरक्षा योजनाअन्तर्गत कम्तीमा नेपाल सरकारबाट तोकिएको न्यूनतम आधारभूत पारिश्रमिकको २१ दशमलव ३३ प्रतिशत रकम अर्थात् हाल न्यूनतम दुई हजार दुई मासिक रूपमा र अधिकतम न्यूनतम आधारभूत पारिश्रमिकको तीन गुणा सम्म कोषमा योगदान गरी सुविधामा सहभागी हुनसक्ने व्यवस्था मिलाएको थियो ।

## प्राइम कमर्सियल बैंकद्वारा रक्तदान




काठमाडौं । प्राइम कमर्सियल बैंकले १७औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम आयाजना गरेको छ । बैंकले कान्तिपुर अस्पताल रक्त सञ्चार सेवासँगको सहकार्यमा सो कार्यक्रमको आयोजना गरेको हो ।

कार्यक्रममा ५१ जनाले रक्तदान गरेका थिए । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत संजीव मानन्धरले देशका विभिन्न अस्पतालमा रगतको अभाव भइरहेको सन्दर्भमा बैंकले बिरामीको उपचारका सहयोग गर्न बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत रगत संकलनको काम गरेको बताए । उनले विभिन्न रोगको महामारी फैलिइरहेका बेला उपचरामा लागि बिरामीलाई रगतको कमि हुन नदिन बैंकले आफ्नो अग्रसरतामा रक्तदान कार्यक्रम गर्न पाउँदा खुशी लागेको बताए ।

## सिटिजन्स बैंक र सूर्या हेल्थ केयरबीच सम्झौता

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र नयाँ बानेश्वर, काठमाडौं स्थित सूर्या हेल्थ केयरबीच सिटिजन्स बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात बैंकका कार्डबाहक र मोबाइल बैंकिग ग्राहकले सूर्या हेल्थ केयरमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिग माध्यमको प्रयोगलाई बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने



छुट सम्बन्धी विस्तृत विवरण बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । बैंकले आफ्ना १८८ शाखा, १४८ ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिग ईकाईबाट १६ लाख ४८ हजार भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्दै आएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## असोज २८ मा एनआईसी एशियाको साधारण सभा

काठमाडौं । एनआईसी एशिया बैंकको २६ औं वार्षिक साधारण सभा असोज २८ मा हुने भएको छ । बैंकको साधारण सभामा गत आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने, लेखापरीक्षकको प्रतिवेदनसहित २०८० असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायतका वार्षिक विवरण छलफल गरी पारित गर्ने बताइएको छ ।

साथै, गत आर्थिक वर्षको मुनाफा तथा सञ्चित मुनाफाबाट बैंकको चुक्ता पुँजीको २९ प्रतिशत बोनश सेयर र १.५२६३ प्रतिशत नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने, बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने लगायतका विशेष प्रस्तावमा छलफल हुने बैंकले जनाएको छ ।

## स्टार हस्पिटलको बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल




काठमाडौं । स्टार हस्पिटल लिमिटेडले आईपीओ जारी गर्ने निर्णय गरेको छ । अस्पतालले आईपीओ निष्काशनको प्रक्रिया अघि बढाउन बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरेको छ । सो सम्बन्धी सम्झौतामा हस्पिटलका कार्यकारी अध्यक्ष किशोरकुमार महर्जन र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कविन्द्रध्वज जोशीले हस्ताक्षर गरेका छन् । स्टार हस्पिटल लिमिटेडले ४० करोड सेयर पुँजी बराबरको एक सय रुपैयाँ अंकित दरका ४० लाख कित्ता सेयर सर्वसाधारणलाई बिक्री गर्न लागेको हो । करिब ६९ करोड चुक्ता पुँजी भएको हस्पिटलसँग २५ प्रतिशत अग्राधिकार सेयरसहित ८५ करोड चुक्ता पुँजी रहेको अवस्थामा यो निष्कासनसँगै केही संस्थागत लगानीकर्ता, बीमा कम्पनी, प्राइभेट इक्विटी कम्पनी तथा निजी संस्थागत लगानीकर्तासमेतको गरी चुक्ता पुँजी दुई अर्ब भन्दा माथि हुने बताइएको छ ।


## पोखरा फाइनान्सको अध्यक्षमा गुरूङ

काठमाडौं । पोखरा फाइनान्स लिमिटेडका नवनियुक्त अध्यक्ष राजकुमार गुरूङले नेपाल राष्ट्र बैंकबाट पद तथा गोपनियताको



शपथ ग्रहण गरेका छन् । फाइनान्सको सञ्चालक समितिको बैठकले अध्यक्षमा नियुक्त गरेका गुरुङले नेपाल राष्ट्र बैंक, गण्डकी प्रदेश कार्यालय पोखराका निर्देशक आर्या जोशीबाट पदको शपथ ग्रहण गरेका हुन् । अध्यक्ष गुरुङले आफ्नो कार्यकालमा पोखरा फाइनान्स लिमिटेडलाई ग्राहकको रोजाइको फाइनान्स बनाउने र सेयरधनीलाई उच्च प्रतिफल दिन प्रतिवद्ध रहने बताए ।

## सन नेपाल लाइफ इन्स्योरेन्सको बीमा जागरण कार्यक्रम



काठमाडौं । सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले देशका विभिन्न पालिकामा बीमा जागरण तथा जीवन बीमासम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले छैटौं वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त कार्यक्रम सञ्चालन गरेको हो । सबै प्रदेशका गरी विभिन्न पालिकामा अभियान सञ्चालन गरेको कम्पनीले जानकारी दिएको छ । कर्पोरेट कार्यालयद्वारा आयोजित कार्यक्रम कोशी प्रदेशअन्तर्गत इलामको माईजोगमाई र फाकफोकथुम गाउँपालिका, मधेश प्रदेशअन्तर्गत धनुषाको लक्ष्मीनिया र मुखियापट्टी मुहरनिया गाउँपालिका, पर्साको पर्सौनी र सिरहाको अर्नमा गाउँपालिकामा सम्पन्न गरिएको थियो ।

त्यसैगरी बागमती प्रदेशमा मकवानपुरको थाहा नगरपालिका, गण्डकीमा कास्कीको मादी र तनहुँको ऋषिङ गाउँपालिका, कर्णालीमा दैलेखको गुराँस र सुर्खेतको बराहताल गाउँपालिका, सुदूरपश्चिम प्रदेशमा कैलालीको बर्दगोरिया र कैलारी गाउँपालिकामा कार्यक्रम गरिएको थियो । ती कार्यक्रममा स्थानीय तहमा बीमाको पहुँच र चेतना बढाउन स्थानीय पालिका र बीमा कम्पनीबीच समन्वयकारी भूमिकाको विषयमा छलफल भएको छ ।

## सूर्य ज्योति लाइफको दोश्रो सेल्स कन्भेन्सन



काठमाडौं । सूर्य ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले देशभरका प्रदेश प्रमुख, क्षेत्रीय प्रमुख, शाखा प्रबन्धक र सेल्स एक्जिक्यूटीभसहितको दोश्रो सेल्स कन्भेन्सन सम्पन्न गरेको छ । २०० भन्दा बढी सहभागीको उपस्थितिमा सौराहामा सेभेन स्टारमा दोश्रो 'सूर्य ज्योति सेल्स कन्भेन्सन' सम्पन्न गरेको हो । कम्पनीका सञ्चालक समितिका अध्यक्ष केशवप्रसाद भटराई, सदस्यहरू नन्दकिशोर शर्मा, हेमन्त नहाटा, विवेक झा, प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्री, वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत पवनकुमार खड्कालगायत उच्च पदाधिकारीको उपस्थितिमा कार्यक्रम आयोजना भएको हो ।

कार्यक्रममा व्यवसाय, अभिकर्ता नियुक्ति र बीमालेखको आधारमा उत्कृष्टता हासिल गर्न सफल भएका देशभरीबाट उत्कृष्ट १० जना ब्रान्च म्यानेजर र १० जनासेल्स एक्जिक्यूटीभलाई सम्मान गरिएको थियो । कार्यक्रममा प्रत्येक विधामा सर्वोत्कृष्ट तीन जनालाई ट्रफी तथा सम्मानपत्र हस्तान्तरण गरिएको थियो ।

भोटेकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुपल्चोक, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाँकुरी भन्ज्याङ, नुवाकोट, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

थाक्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धादिङ, बागमती प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।

# क्यानडामा शिखर कृषि अवार्ड हुने




काठमाडौं । शिखर नेपाल प्रालिको आयोजनामा क्यानडामा हुने 'चौथो राष्ट्रिय शिखर कृषि अवार्ड-२०२३' को विभिन्न १० विधामा टपटेन नोमिनेशन सार्वजनिक गरिएको छ । कृषि तथा व्यवसाय प्रवर्द्धन गर्ने उदेश्यले विभिन्न उत्पादनका सफल उद्यमीहरुलाई विगतदेखि नै पुरस्कृत गर्दै आएको शिखर नेपालले सन् २०२३ को चौथो अन्तर र्ाष्ट्रिय शिखर कृषि अवार्ड क्यानडामा प्रदान गर्न लागेको हो ।

शिखर नेपालले विभिन्न उत्पादनका सफल १० जना कृर्षकलाई क्यानडा लगेर त्यहाँ विशेष समारोहका साथ 'चौथो अन्तर्राष्ट्रिय शिखर कृषि अवार्ड-२०२३' दिने निर्णय गरेको छ । शिखर नेपालले काठमाडौंमा आयोजित कार्यक्रममा त्यसबारे जानकारी गराएको हो । कृषि तथा व्यवसाय प्रवर्द्धनको लागि 'शिखर नेपालको अन्तर्राष्ट्रिय अभियान कर्मशील कृर्षकहरुको सम्मान' भन्ने उद्घोषका साथ कार्यक्रम तयारी गरिएको छ ।

क्यानडा लगेर अवार्ड दिनको लागि शिखर नेपालले अहिले विभिन्न प्रकृयाबाट उत्कृष्ट कृर्षक पहिचान गरिरहेको छ । कृषि मन्त्रालय तथा सम्बन्धित निकायका विज्ञहरुसँगको परामर्शमा विभिन्न उत्पादन क्षेत्रका १० जना उत्कृष्ट कृषक छनौट गर्ने कार्य भइरहेको शिखर नेपालका अध्यक्ष शेखर खनालले अर्थ सवाल साप्ताहिकलाई जानकारी दिनुभएको छ । 'अहिले हामी उत्कृष्ट १० कृषक छनौट गर्ने प्रकृयामा छौं' उहाँले भन्नुभयो- छनौट भइसकेपछि उहाँलाई छिट्टै क्यानडा लगेर विशेष कार्यक्रम गरी अवार्ड बितरण गर्ने छौं ।'

अध्यक्ष खनालका अनुसार पशुपालन, पन्छी पालन, फलफूल, उत्पादन, तरकारी उत्पादन, माछा तथा मौरी पालन, दुध उत्पादन (डेरी), नर्सरी तथा पुष्प व्यवसाय, कृषि वस्तु तथा आहार उत्पादन र कृषि सहकारी तथा एग्रो इको टुरिजम लगायतका क्षेत्र समेटेर अवार्ड दिन लागिएको छ । कार्यक्रममा वरिष्ठ कृषि इन्जिनियर डा. जीत चन्दले कृर्षकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न शिखर नेपालले विगतदेखि नै विभिन्न कार्यक्रम संचालन गर्दै आएको स्मरण गराउँदै क्यानडामा गरिने अवार्ड कार्यक्रमले कृषकहरुलाई उत्साहित पार्ने बताउनुभयो । कृषि इन्जिनियर चन्दले 'सरकारले गर्नुपर्ने कार्यक्रम शिखर नेपालले गर्न लागेको' भन्दै खुशी व्यक्त गर्नुभयो । यसमा सरकारले समेत सहकार्य तथा सहयोग गर्नुपर्ने उहाँको भनाई छ । अवार्डको छनौट निर्णायक मण्डलमा वरिष्ठ कृषि इन्जिनियर डा. जीत चन्द, कृषि वैज्ञानिक डा. शिवकुमार झा, वरिष्ठ पशु विज्ञ डा. रामकुमार कार्की, प्राविधिक विज्ञ रवि अर्याल र वरिष्ठ पत्रकार कृष्णप्रसाद भुसाल रहनुभएको छ ।

'चौथो अन्तर्राष्ट्रिय शिखर कृषि अवार्ड- २०२३' का लागि ३९२ कृषि फार्मले कार्यक्रममा सहभागिताका लागि आवेदन दर्ता गरेकोमा टपटेनमा पर्न सफल फार्महरु यस प्रकार रहेका छन् ।

**पशुपालन**

आरुबोटे कृषि फार्म, बिनिता एग्रो, दनाइ गाई पालन फाम, लेकाली ब्यबसायिक बाख्रा पालन तथा दाना उधोग, एस.एस.जे.जे.एग्रा, शिव चौर पशुपन्छी तथा कृषि फार्म, सुर्खेत एग्रिकल्चर, बागमती गट्स एण्ड सिड्स, कैलाश क्याटल फुड ईन्डष्ट्रि, कामधेनु गाई फार्म ।

**दुग्धजन्य पदार्थ (डेरी)**

ब्ल्याक आर्किड एग्रो फार्म, हेम्जा गाई फार्म, श्री भागवती दुग्ध उत्पादक सहकारी संस्था लि., गढी दुग्ध उत्पादक सहकारी संस्था लि, प्रसंसा कृषि तथा पशुपालन फार्म, भट्टराई गाई फार्म, सारदा श्रृजनशिल गाई फार्म, गोर्खाली गाई फार्म, माँहकाल डेरी उधोग ।

**मत्स्य तथा मौरी उत्पादन**

रेन्बो ट्राउट फार्म, गण्डकी ट्राउट फार्म, सुलभ मत्स्य प्रजनन केन्द्र, अन्नपुर्ण मत्स्य ह्याचरी तथा एकिकृत कृषि फार्म, सुर्य एग्रिकल्चर, बोधबन माछा फार्म, त्रिशुल मौरी पालन उधोग, शान्ति उन्नत पशुपालन तथा माछा फार्म, बिशाल इन्टिग्रेटेड इकोलोजिकल एग्रो टुरिजम प्रालि ।

**फलफुल उत्पादन**

एग्रो मनाङ्ग, बनाना एग्रो रिर्सोट तथा रेस्टुरेन्ट, सप्तभूमि एग्रो फार्म तथा रिसर्च सेन्टर, गुठी चौर एग्रो प्रालि, काशिखण्ड ड्रागन एग्रिकल्चर फार्म, दधिपुर फलफुल तथा कृषि फार्म, मोक्तान मल्टि प्रपोज एग्रो फार्म, बदमाया कृषि तथा फलफुल फार्म ।

**कृषि वस्तु तथा पशु आहार उत्पादन**

कुशल पोल्ट्री फार्म, चौधरी कृषि फार्म, किसान दाना उधोग, प्रोगेशिभ क्याटल फार्मिङ्ग, शिला भैरब कृषि तथा पशुपन्छी फार्म, हाइजिन प्रा.लि., खरेल कृषि तथा पशु फार्म, विश्वकर्मा कृषि तथा पशुपन्छी फार्म, श्री सुलजन कृषि तथा पशुपन्छी फार्म, आर.पि. एग्रो ।

**पन्छिपालन**

बाग्लुङग काली पोल्ट्री फार्म, दाउन्ने एग्रो फार्म प्रालि, कँडेल पोल्ट्री एण्ड एग्रो रिसर्च फार्म प्रालि, कालिका पोल्ट्री ब्लिडिङ्ग प्रा.लि., कुशल पोल्ट्री एण्ड फार्म, रिभाश पोल्ट्री फार्म, देबचुली पोल्ट्री बिल्डिङ्ग, बि.एण्ड एस. ट्रेर्डस, बिदुर कुखुरा पालन उधोग ।

**कृषि सहकारी तथा एग्रो इको टुरिजम**

पाँचखाल टप अर्गानिक फुडल्यण्ड विथ होम स्टे, न्यु टेक फार्म हाउस, हाम्रो टप टाउन कृषि फार्म हाउस, मधुमल्ला एग्रो फार्म हाउस रिसोर्ट प्रालि, उर्लाबारी वारिष्ठ एकेडेमि, कुशवहा बिज भण्डार एण्ड सिड्स अर्गानिक फटिलाईजार प्रोडक्ट, राइनो कुञ्ज कृषि तथा सहकारी संस्था लिमिटेड, अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था, श्री जीवन साहरा कृषि सहकारी संस्था लिमिटेड, एभरेष्ट एग्रो टुरिजम एण्ड डेभलोपमेन्ट प्रा.लि. ।

**नर्सरी तथा पुष्प व्यवशाय**

आइरिस गार्डेन एण्ड एड्भरटाईजिङ्ग सर्भीस प्रा.लि., ब्लु ओशियन एग्रो फार्म, एभरेष्ट फ्लावर, कान्तिपुर नर्सरी, काठमाडौ नर्सरी, मोर्डन नर्सरी, माउण्टेन मल्टीप्रपोज प्रा.लि., नेपाल फ्लावर एण्ड डेकोर प्रा.लि., सदबरिया कृषि सहकारी संस्था ।

**तरकारी उप्पादन**

प्रकाश गंगा एग्रो फार्म प्रा.लि., सहारा कृषि तथा पशुपंक्षी फार्म, एग्रो नारायणी फार्म, कालिका एग्रो फार्म प्रा.लि., धनेश्वर कृषि फार्म, हिमालयन गोरखा एग्रो फार्म प्रा.लि., हिमाली पोटाटो रिसर्च एण्ड डेभलोपमेन्ट सेन्टर, हिमाल एग्रो ।

## एनएमबिले ल्यायो 'बुद्ध भिसा डेबिट कार्ड'




काठमाडौं । एनएमबि बैंक लिमिटेड र बुद्ध एयरले एनएमबि 'बुद्ध भिसा डेबिट कार्ड' सार्वजनिक गरेको छ । को-ब्रान्डेड डेबिट कार्डका ग्राहकहरूले काठमाडौं उपत्यकाभित्र रहेका बुद्ध एयरका तीन काउन्टर, एयरपोर्ट, सिनामंगल र जावलाखेलबाट हवाई टिकट खरिद गर्दा भाडामा १० प्रतिशत छुट पाउने छन् ।

यसका साथै ग्राहकहरूले आन्तरिक टर्मिनलबाट यात्रा गर्दा थप पाँच किलो सामान नि:शुल्क लैजान सक्ने बताइएको छ ।'एनएमबि बुद्ध भिसा डेबिट कार्ड' प्रयोग गर्ने ग्राहकहरूलाई शतप्रतिशत भाडा फिर्ता गर्नु यस कार्डको मुख्य विशेषता रहेको बताइएको छ । कार्यक्रममा विभिन्न बैंक तथा वित्तिय संस्था र व्यवसायिक प्रतिष्ठानका प्रतिनिधिको उपस्थिति रहेको ब्रेक थ्रु लाईफका अध्यक्ष सन्तोष लामाले बताए । उनले भने, 'व्यवसाय वृद्धि गर्ने उद्देश्यले कार्यक्रम गरेका हौं, उल्लेख्य सहभागिता रह्यो । फेरिपनि यस्ता कार्यक्रम गर्दै जाने बताए ।' सो अवसरमा सन्तोष लामाको 'सफलताको ब्लूप्रिन्ट' पुस्तक प्रकाशनमा ल्याएका थिए ।

## ग्लोबल आईएमई बैंक र बोटलर्स नेपालबीच सम्झौता

काठमाडौं । ग्लोबल आईएमई बैंक लिमिटेड र बोटलर्स नेपाल लिमिटेड तथा बोटलर्स नेपाल (तराई) लिमिटेडबीच च्यानल फाइनान्सिङ कार्यक्रमसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार बैंकले बोटलर्स नेपाल तथा बोटलर्स नेपाल (तराई) का उत्पादनहरू खरिद गर्नका लागि आधिकारिक डिष्ट्रिब्युटर्सहरुलाई आवश्यक चालू पूँजी प्रदान गर्न च्यानल फाइनान्सिङ सुविधा प्रदान गर्नेछ ।

बोटलर्स नेपाल तथा बोटलर्स नेपाल (तराई)का आधिकारिक डिष्ट्रिब्युटर्सहरूले बैंकको जुनसुकै शाखाबाट च्यानल फाइनान्सिङ कार्यक्रमअन्तर्गत कर्जा सुविधा प्राप्त गर्न सक्नेछन् । उक्त कार्यक्रममा ग्लोबल आईएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यका साथै बोटलर्स नेपाल लिमिटेडका मेनेजिङ्ग डाइरेक्टर दीपक सेन्थिलनाथ लगायत दुवै संस्थाका वरिष्ठ अधिकृतहरूको उपस्थिति रहेको थियो ।

**चौंरीदेउराली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

**अजिरकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा, बागमती प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**

**क्होलासोथार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मालिङ, लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिक को परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**



**साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड** द्वारा प्रवर्द्धित **STC ग्यांस**

**तौल पूर्ण, सुरक्षा सम्पूर्ण**

- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

**मेट्रो काठमाडौं ग्यांस इण्डष्ट्रिज लिमिटेड**
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com




साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

## नक्कली...

चार दशमलव तीन प्रतिशत आर्थिक वृद्धि रहने प्रक्षेपण गरेको छ । 'नेपाल माइक्रो इकोनोमिक अपडेट' नामक अध्ययन प्रतिवेदनमा आउँदो माघ महिना अर्थात् सन् २०२४ को सुरुवातबाट उत्पादन तथा निर्माण क्षेत्रमा सुधार देखिने प्रक्षेपण गर्दै आर्थिक बृद्धिदर बढ्ने प्रक्षेपण गरेको हो । तर एडिबी तथा विश्व बैंकहरुको प्रक्षेपण नै केही वर्षयता संशोधन हुँदै आएको तथ्य हेर्दा र मुलुकको वर्तमान अवस्था तथा राजनीतिक स्थायित्वको अभावमा उत्पादन तथा बजार विस्तार हुने कुनै सम्भावना देखिएको छैन ।

मुलुकको आर्थिक अवस्थाको वर्तमान चित्रले निकै चिन्तित बनाइरहेको छ । सरकारमा बस्नेहरुले यथार्थ विवरण सार्वजनिक गरेर जनतालाई अर्थतन्त्रको वास्तविकता उजागर गराउने र मितव्ययी हुन तथा कुनै न कुनै रुपमा उत्पादनमा सक्रिय हुन आव्हान गर्ने जाँगर देखाउन सकेको छैन । खेतबारी बाँझो राखेर शहरमा काम खोज्न आउनेहरुलाई सरकारले आफ्नो भातभान्साका लागि आफ्नै खेतबारीमा उत्पादन गर्न प्रेरित गर्ने नीति नै लिएको छैन । यसकारण पनि आर्थिक अवस्थामा सुधार त के हरेक महिना एउटै लय र गतिमा अघि बढ्ने अवस्थासमेत रहेको छैन । असार महिनासम्म वैदेशिक रोजगारीमा जानेको संख्या बढेको थियो, विप्रेषण बढ्यो तर भदौ महिनामा घटेको छ । यसको प्रत्यक्ष असर वैदेशिक मुद्रा संचितिमा पर्ने छ । अघिल्लो महिना सुधार भएको संचिति आउँदो महिना घट्ने छ ।

यस्तो स्थितिका बीच वैदेशिक व्यापारको अवस्था अति नाजुक रहेको वितेको दुई महिनाको तथ्यांकले देखाएको छ । विगतमा जस्तै आयात र निर्यातको तुलना नै हुन नसक्ने अवस्था छ । हुन त यसबीचमा पहिलेको तुलनामा आयात र निर्यात घटेको छ तर यसले दिने सन्देश निकै डरलाग्दो छ । चालु आर्थिक वर्षको सुरुवाती दुई महिनामा मुलुकले दुई खर्ब ५९ अर्ब ७४ करोड ९८ लाख बराबरको वस्तु आयात गर्दा निर्यात भने २६ अर्ब ४४ करोड ७० लाखमा खुम्चिएको छ । भन्सार विभागले सार्वजनिक गरेको भदौ मसान्तसम्मको तथ्याङ्कअनुसार दुई महिनामा मुलुकले दुई खर्ब ८६ अर्ब १९ करोडको वैदेशिक व्यापार गर्दा दुई खर्ब ३३ अर्ब ३० करोड बराबर घाटा व्यहोरेको छ । समग्र वैदेशिक व्यापारमा पाँच दशमलव ३२ प्रतिशतको गिरावट देखिएको हो ।

समग्रमा हेर्दा वैदेशिक व्यापारमा आयात कम, निर्यात बढी देखिए त्यसले सकारात्मक परिस्थितिको निर्माण गर्दछ । तर, आयात-निर्यात दुबै घट्दा धैरै पक्षबाट सोच्नुपर्ने अवस्था आएको छ । मुलुकमा उत्पादन नै छैन, जनताको दैनिकी गुजारा चलाउनै हम्मेहम्मे परिसकेको छ । कृषि उपज आयातमा समेत भारतको प्रतिबन्धले खाद्यान्नको मूल्यवृद्धि आकाशिएको छ । कार्टेलिङले नेपाली उपभोक्ता चर्को मारमा परेका छन् । यसबीच एसियाली विकास बैंकले सन् २०२३ मा कृषि उत्पादन अघिल्लो वर्षको तुलनामा बढ्ने दाबी गरे पनि यस वर्ष मुलुकको सबभन्दा महत्वपूर्ण खाद्यान्न बाली धान उत्पादन घट्ने स्पष्टै छ । भारतसंग धान-चामल निर्यातका लागि सरकारले गरेको अनुरोधको सुनुवाई भएको छैन । नेपाल गम्भीर खाद्य समस्यामा पर्ने अवस्था छ । यसलाई चिर्न अहिलेदेखि नै कदम चाल्ने हो भने असम्भव छैन । खाद्यान्न उत्पादन भनेको छोटो समयमै गर्न सकिने क्षेत्र भएकाले कृषिको विकास र उत्पादन नारामुखीको साटो व्यवहारमुखी बनाएर अर्थतन्त्रको वास्तविक चित्र लुकाउने परिपाटी अन्त्य गर्नु अत्यावश्यक छ ।

## पूर्व राजा...

'राजा आउ, देश बचाउ' भनेर नाराबाजी गर्न लाउँदैनन् । मानिसहरु पछिल्लो राजनीतिक व्यवस्थादेखि दिक्क भएकाले बरु राजसंस्था नै ठिक रहेछ भन्ने अवस्थामा पुगेका छन् । पूर्वराजाप्रति मानिसको सद्भाव उदाहरणीय बन्दै गएको छ । उनले विभिन्न चाडपर्व र अवसरमार शुभकामना सन्देश दिँदै देश र जनताको पक्षमा बोल्दै आएका छन् । उनले देशको अवस्था गम्भीर भएको भन्दै सधैं चिन्ता व्यक्त गरेका छन् । उनी जनताले आफ्नो खाँचो महसुस गरे भनें आफू फेरि राजा भएर आउने भन्दै आएका छन् ।

तत्कालीन राजा ज्ञानेन्द्रलाई दलहरुले अचानक हटाएकाले उनीप्रति सहानुभूति बढ्दै गएको छ । हिजो एकजना राजा पाल्दा हुन्थ्यो अहिले हजारौं राजाजस्तै पाल्नुपरेको छ भनेर मानिसले गुनासो गर्दै आएका छन् । केही पार्टी, संघसंस्था र अभियान्ताहरु राजसंस्थाको पक्षमा खुलेर नै बोल्दै आएका छन् । उनको भक्तपुर भ्रमणबारे एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पनि प्रतिक्रिया दिएका छन् । राजनीतिक पार्टीले कुनै जुलुस र सभा गर्नुपर्दा मानिस किन्नुपर्ने अवस्था छ भनें पूर्वराजाप्रति देखिएको सद्भाव भनें अचम्मकै छ । उनको पक्षमा देखिएको सहभागिताले राजावादीहरु आशाबादी भएका छन् भनें अर्को पक्ष तर्सिएको छ ।

## नेशनल...

कम्पनीको स्मार्ट मोवाइल एपको सुभारम्भ गरेका हुन् । मोवाइल एपको सुभारम्भ गर्दै अध्यक्ष सिंहले कम्पनीले सुरु गरेको यस स्मार्ट मोवाईल एपबाट आफ्ना अभिकर्ता तथा बीमितले घरबाटै आफ्नो बीमालेख सम्वन्धी सबै जानकारी प्राप्त गर्न सक्ने भएकोले कम्पनीको विश्वसनियतामा अझ वृद्धि हुने विचार व्यक्त गरे । त्यसैगरी प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले अभिकर्ता सञ्जाललाई व्यवसायिक बनाउन थप लगानी गर्ने प्रतिबद्धत्ता अनुरुप कम्पनीले स्मार्ट मोवाईल एप लञ्च गरेको र यस एपको माध्यमबाट अभिकर्ता तथा ग्राहकले डिजिटलाइजेसन मार्फत छिटो छरितो कार्य सम्पादन गर्न सक्ने बताए ।

स्मार्ट एपको विशेषताका बारेमा कम्पनीका सहायक महाप्रवन्धक प्रज्वल सायमीले विस्तृत जानकारी गराउँदै यस एपबाट अभिकर्ताले आफ्नोलगायत संजालको व्यवसाय साथै आफ्ना बीमितको बीमालेख सम्वन्धमा आवाश्यक जानकारी प्राप्त गर्न सकिने र एपमार्फत नै आफ्ना बीमितलाई सम्पर्क गरी बीमालेख व्यतित हुनबाट जोगाउन सक्ने व्यवस्था रहेका बारे जानकारी गराएका थिए । त्यसै गरी कम्पनीका बीमितहरुले एप मार्फत बीमाशुल्क नविकरणका सूचना प्राप्त गर्न सक्ने र एपमार्फत नै नविकरण बीमाशुल्क डिजिटल भुक्तानी गर्न सक्ने एवं सर्व साधारणहरुले पनि कम्पनीका बारेमा विविध महत्वपूर्ण सूचनाहरु प्राप्त गर्नेलगायतका विशेषताहरु एपमा रहेको जानकारी गराएको पनि विज्ञप्तिमा उल्लेख छ ।


## लम्पी स्किन रोगबाट बचाउने उपायहरु

**पशुमा लाग्ने लम्पी स्किन रोगबाट बचाउन:**

- झिँगा, लामखुट्टे, किर्ना, भुसुना जस्ता टोक्ने वा रगत चुस्ने किराहरुको नियन्त्रण गरौं ।
- तीन महिना भन्दा बढी उमेर समुहका पशुलाई लम्पी स्किन विरुद्धको खोप बर्षेनी लगाऔं ।
- गोठ सफा राखी नियमित फिनेल पानी छर्कने गरौं ।
- रोगी पशुलाई सामुहिक चरन/खर्क/आहालमा नलैजाऔं ।
- संक्रमित क्षेत्रका पशुको ओसारपसार नगरौं ।
- अन्यत्रबाट ल्याईएको पशुलाई कम्तिमा २८ दिन अलग्गै राखौं ।
- मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुरौं ।
- पशु चिकित्सकसँग परामर्श गरी लम्पी स्कीन रोग विरुद्ध खोप लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



### आँबूखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तनहुँ, गण्डकी प्रदेश, नेपाल

**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**



### वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटौंजे, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल
Smart Waling



**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**



### धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
माछीखोला, गोरखा, गण्डकी प्रदेश, नेपाल



**सूचना ! सूचना !! सूचना !!!**

**व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं ।**

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- दुर्व्यसनीबाट बचौं र बचाऔं ।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं ।**





अर्थ सवाल Artha Sawal Weekly साप्ताहिक
जि.प्र.का.काठमाडौं द.नं. २३६/२०७३/०७४ वर्ष ८, अंक ११, गो.हु.का. द.नं. ०७/०७९/०८०
२०८० असोज ११ गते बिहीबार

# नयाँ कार्यक्रम ल्याएर सेवाग्राहीको मन जित्दै मुक्तिनाथ विकास बैंक




योगेन्द्र चौलागाई

काठमाडौं । २०६३ साल पौष १९ गते स्याङ्जाबाट सुरु भएको हो मुक्तिनाथ विकास बैंक । त्यतिबेला द्वन्द्वको चपेटामा परेर जिल्लामा भएका बैंक पोखरा केन्द्रित भएका थिए । सानासाना कारोबारका लागि पनि स्याङ्जाली जनतालाई पोखरा जानुपर्ने बाध्यता हटाउनको लागि मुक्तिनाथ विकास बैंक सञ्चालनमा आएको हो । तीन जिल्ला कार्य क्षेत्र बनाएर २९ जना वुद्धिजिवीले रहरले भन्दा पनि स्याङ्जावासीको वित्तीय आवश्यकता पूरा गर्नको लागि यो बैंकको स्थापना गरिएको हो ।

बैंक स्थापनाको समयमा धेरै चुनौतीहरू थिए । समुदायमा वित्तीय साक्षरताको कमी थियो । सबैले बैंकलाई सहज रूपमा स्वीकार्न सक्ने अवस्था थिएन । यिनै असहजताका बाबजुत सदरमुकामबाट ग्रामीण क्षेत्रमा पनि बैंकको विस्तार गरियो । बैंकले आफ्नो वित्तीय अभियानलाई अगाडि बढाउँदै लग्यो, जुन अभियान अघि बढाएपछि अहिले बैंकले सबैको मन जित्न सफल भएको छ ।

२०६५ सालमा पोखराका मुख्य-मुख्य ठाउँमा बैंकको शाखा विस्तार भयो । त्योसँगै संस्थाको कार्यक्षेत्र तनहुँमा पनि विस्तार भयो । मुक्तिनाथ विकास बैंकले लघुवित्त कार्यक्रमलाई मेरुदण्डको रूपमा लिँदै आएको छ । यसको शुरुवात २०६५ वैशाख १ बाट भएको थियो । त्यो समयमा द्वन्द्वका कारण बन्द भएका वित्तीय संस्था र नयाँ वित्तीय संस्था खुल्ने क्रम बढे पनि सामान्य नागरिक र महिलाहरूमा वित्तीय साक्षरताको अभाव व्याप्त थियो । त्यो समयमा क, ख र ग वर्गका वित्तीय संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गरेका थिएनन् । 'घ' वर्गका वित्तीय संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गरेको भए पनि दुरदराजसम्म ती पुगेका थिएनन् । मुक्तिनाथ विकास बैंकले दुरदराजमा समूह बनाएर लघु बैंकिङ कार्यक्रम सञ्चालनमा ल्यायो । 'एक व्यक्ति, एक बचत खाता र एक परिवार एक व्यवसायी' को अवधारणामा कर्मचारी गाउँगाउँमा पुगेर महिलालाई समेट्ने काम मुक्तिनाथ विकास बैंकले गर्यो । बैंकले साहु र ठूला बैंकले नपत्याउने साना वर्गका नागरिकलाई वित्तीय कार्यक्रममा समेटेर कर्जा प्रवाह गर्दै आयो । यसले मुक्तिनाथ विकास बैंकको लेकप्रियतालाई झनै उचाईमा पुर्‍यायो ।

लघु बैंकिङ कार्यक्रम र जनरल बैंकिङ कार्यक्रमको सफलतासँगै यो बैंक विस्तारका योजना पनि आए । फलस्वरूप २०६९ सालमा १० जिल्लामा कार्यक्षेत्र विस्तार भयो र २०७२ सालमा यसलाई राष्ट्रियस्तरमा पुर्‍याउनुपर्छ भन्ने मान्यताका साथ राष्ट्रव्यापी रूपमा मुक्तिनाथले शाखा विस्तार गर्यो । बैंकले अहिले १ सय ८० भन्दा बढी शाखा र १६ सय कर्मचारीमार्फत १२ लाख ग्राहकलाई बैंकिङ सेवा प्रवाह गर्दै आएको छ ।

पछिल्लो समय बैंकले गाउँको उत्पादन शहरमा र शहरको पूँजी गाउँमा पुर्‍याउने अवधारणाका साथ काम गरेको छ । यसको लागि बैंकले 'मुक्तिनाथ कृषि कम्पनी' २०७५ मा दर्ता गरेको छ । दर्तापछि यसले तीन वर्ष कृषिमा सम्भावनाका क्षेत्रमा अध्ययन गर्‍यो । गएको दुई वर्ष सातै प्रदेशमा कार्यालय स्थापना गरेर काम गर्दै आएको छ । सहकारी संस्थासँग समन्वय गरेर कृषकलाई तालिम, प्रविधि, बीउ, बीजनलगायतका सामग्री सहकारीमार्फत उपलब्ध गराउने र कृषकको उत्पादन सहकारीमार्फत मुक्तिनाथ कृषि कम्पनीले बजारमा लादैं गरेको छ । यसले कृषकलाई मूल्य निर्धारण गर्न र कृषक तथा उपभोक्ताबीचको दूरी घटाउने काम गरिरहेको छ । यसले व्यावसायिक कृषितर्फ उत्प्रेरित गर्न हौसला मिलेको छ । संस्थाका लाखौं ग्राहकको शेयरसम्बन्धी कारोबारको लागि सहज गराउनको लागि मुक्तिनाथ क्यापिटल समेत सञ्चालनमा छ ।

यो बैंकले समयसापेक्ष रुपमा आफूलाई परिष्कृत गर्दै आएको छ । बैंकले ग्राहक तथा उपभोक्तालाई सहज र सरल ढंगले सेवा दिने नीति लिएसँगै बैंकको प्रभावकारिता पनि बढ्दै गएको छ । बैंकले अझै गाउँ-गाउँसम्म शाखा विस्तार गर्ने र आफूहरुले सञ्चालन गरेका योजनाबारे सबैलाई जानकारी दिने योजना पनि बनाउँदै लगेको छ ।

# शिक्षामन्त्रीबाट गायक वलीलाई सम्मान




शिक्षा, विज्ञान तथा प्रविधीमन्त्री माननीय अशोककुमार राई तथा राज्यमन्त्री माननीय प्रमिलाकुमारीबाट गायककार भद्र वली सम्मानित भएका छन् । ५७औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसर पारेर शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा सानोठिमी, भक्तपुरमा आयोजित एक समारोहमा उनलाई सम्मान गरिएको हो ।

साक्षरता तथा निरन्तर शिक्षाको प्रवर्द्धनका लागि पक्कैअब बन्ने छ, साक्षर नेपाल भन्ने बोलको सचेतना तथा संदेशमूलक गीतमा गायककारको भूमिका निभाई, साक्षर नेपाल अभियान सफल बनाउन निरन्तर रूपमा उनले गरेको प्रशंसनीय कार्य एवम् नेपाली सांगीतिक क्षेत्रलाई दुई दशकदेखि गीतसंगीतले उर्वर बनाउँदै सामाजिक जागरणसँगसँगै समग्र साँस्कृतिक क्षेत्रमा उनले पुर्‍याएको उल्लेखनिय योगदानको कदर गर्दै वलीलाई सो सम्मान गरिएको हो ।

वर्दिया जिल्ला मधुवन नगरपालिका वडा. नं.९ मा जन्मेका वली राजधानिलाई आफ्नो कर्मथलो बनाउँदै आएका छन् । उनी लामो समयदेखि शिक्षा, खेलकुद, पर्यटन तथा वालवालिका सम्बन्धी सामाजिक जागरण, सन्देशमूलक तथा मौलिक गीतसंगीतबाट समाजमा संदेश प्रवाह गर्न लागि परेका छन् । त्यसैगरी पर्यटन प्रवर्द्धनमा पनि उनले महत्वपूर्ण योगदानगर्दै आएका छन् ।




ATM कार्ड र चेक घरमै बिर्सिनु भयो ?
Don't Worry अब QR code scan गरि मिल्छ नगद्ध झिक्न सजिलै
प्रभु बैंकको QR Code Scan गरी जुनसुकै शाखाबाट सहजै रकम निकाल्न सकिनेछ ।
यो सेवा अन्य बैंकका Mobile Banking User हरुले समेत उपयोग गर्न सक्नुहुनेछ ।



PRABHU BANK
Prabhu Building, Babarmahal, Post Box No.:19441
+977-1-4788500 +977-1-4780588,
info@prabhubank.com www.prabhubank.com
Toll Free No.: 16600107777

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि.को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु:




१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं ।
३. काम सकेपछि सँधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु:




१. खाना पकाउने स्थानमा एल.पि. ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।
२. झ्याल ढोक खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तै: ग्याँस चुल्हो, सलाई लाईटर, धुप आदी नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाई बाहिर खुल्ला स्थानमा राखौं र यथाशीघ्र नजिकको ग्याँस बिक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
टेकु, काठमाडौं, नेपाल
फोन नं: ०१-५३६४९७५, ५३६४९७४